कर्णाली प्रदेश सरकार

जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय

खानेपानी, सिंचाई तथा ऊर्जा विकास निर्देशनालय

# खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय

खलंगा, सल्यान




सूचनाको हकसम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२/१०/०१ देखि २०८२/१२/३० सम्मको सम्पादित मुख्य मुख्य कार्यहरुसंग सम्बन्धित खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय सल्यानको **स्वतः प्रकाशन**

# विषय सूची

१.कार्यालयको परिचय तथा विवरण

२.कार्यालयको काम, कर्तव्य र अधिकार

३.सार्वजनिक सेवा प्रवाह

४.चालु आ.व. २०८२-२०८३ को तेस्रो  त्रैमासिक अवधिको प्रगति विवरण

५.अन्य गतिविधिहरु

६.आय तथा खर्चको विवरण

७.बेरुजुको अवस्था

८.सूचना माग गर्ने प्रक्रिया

९.गुनासो सुन्ने र सम्बोधन गर्ने संयन्त्र

१०.कार्यालयमा कार्यरत कर्मचारीको विवरण

## १.कार्यालयको परिचय तथा विवरण

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको २०७८/०१/२९ गतेको मन्त्रिपरिषद कार्य विभाजन नियमावली, २०७४ तथा प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ संशोधन स्वीकृति भएबमोजिम जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेशको स्थापना भएको थियो।तर मिति २०७९/१०/०९ गतेको कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदको बैठकको निर्णयानुसार यस मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालयमा गाभिएको थियो।तत्पश्चात मिति २०८०/०१/०९ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मन्त्रिपरिषद कार्यविभाजन नियमावली २०७४ को अनुसूची १ र २ मा संशोधनपश्चात यस मन्त्रालयको पुनःस्थापना भएको थियो।

जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश मातहत खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, सल्यानको स्थापना भएको हो। यस कार्यालयको मुख्य उदेश्य सल्यान जिल्लाका नागरिकहरुको जीवनस्तर सुधार गर्नको लागि खानेपानी, सिंचाई र ऊर्जाको पहुँच विस्तार गर्नु तथा दिगो विकास सुनिस्चित गर्नु रहेको छ।संक्षिप्त रुपमा यस कार्यालयको विवरण यसप्रकारको रहेको छ।

- नामः खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, सल्यान
- ठेगानाः खलंगा, सल्यान
- सम्पर्क नंः ०८८-५२०००६
- इमेलः mwidsdno.2@gmail.com
- कार्यालय प्रमुखको नामः अनुप श्रेष्ठ
- सूचना अधिकारीको नामः पप्पु कुमार राउत

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

यस कार्यालयले खानेपानी, सिंचाई र ऊर्जा (मुख्यतः लघु जलविधुत) को क्षेत्रमा देहाय बमोजिमका कार्यहरु गर्दछ :

- आयोजनाहरुको पहिचान, सम्भाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण।
- आयोजनाको डिजाइन तथा लागत अनुमान तयार गर्ने।
- आयोजना निर्माणको लागि बजेट विनियोजन तथा कार्यान्वयन।

- निर्माण कार्यको सुपरिवेक्षण, गुणस्तर नियन्त्रण तथा अनुगमन।
- योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पेश गर्ने।

## ३. सार्वजनिक सेवा प्रवाह

यस कार्यालयले आम नागरिक तथा समुदायलाई निम्न लिखित सार्वजनिक सेवाहरु प्रवाह गर्दछः

- खानेपानी आयोजना निर्माण तथा मर्मत सम्बन्धि प्राविधिक सहयोग।
- सिंचाई आयोजना निर्माण तथा मर्मत सम्बन्धि प्राविधिक सहयोग।
- नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन सम्बन्धि प्राविधिक सहयोग।
- लघु जलविधुत आयोजना निर्माण सम्बन्धि परामर्श तथा प्राविधिक सहयोग।
- आयोजनाहरुको जानकारी तथा प्रगति विवरण उपलब्ध गराउने।
- गुनासो सुन्ने तथा सम्बोधन गर्ने।

## ४. चालु आ.व. २०८२-२०८३ को पहिलो त्रैमासिक अवधिको प्रगति विवरण

### क. खानेपानी क्षेत्र

आ.व. २०८२-०८३ मा खानेपानी क्षेत्रतर्फ ३९ वटा योजनाहरु गरेर कुल रु १९२,२००,०००.०० विनियोजन भएको छ। विशेष अनुदानअन्तर्गत रहेको मुलखोला थरा कुपिन्डेदेखि पारीगाउँ काउचे लिफ्ट खानेपानी योजना वनगाड कुपिन्डे-८ र वनगाड कुपिन्डे बृहत खानेपानी योजना, वनगाड कुपिन्डे १, २ र ८ को निर्माण कार्य सम्पन हुने अन्तिम चरण मा रहेको छ।त्यसैगरि यस आ.व २०८२-०८३ मा श्रोत सुनिस्चितता प्राप्त भएका दुईवटा खानेपानी योजनाहरुको खरिद प्रक्रिया कार्वाही सम्पन्न गरि निर्माण कार्यको सुरुवाती चरणमा छ।जलवायु उत्थानशील भू-परिधी तथा जिविकोपार्जन आयोजना (संघीय ससर्त अनुदानका) अन्तर्गतका खानेपानी योजनाहरुको टेण्डर आवहान गरि मुल्यांकनको चरणमा छ र समानीकरण अनुदान अन्तर्गतका योजनाहरु निर्माणकै चरणमा छन्।

### ख. सिंचाई क्षेत्र

आ.व २०८२-०८३ मा सिंचाई क्षेत्रतर्फ ५१ वटा योजनाहरु गरेर कुल रु १३५,८११,०००.०० विनियोजन भएको छ। जलवायु उत्थानशील भू-परिधी तथा

जिविकोपार्जन आयोजना (संघीय ससर्त अनुदानका) अन्तर्गतका सिंचाई योजनाहरु टेण्डर आवहान गरि मुल्यांकनको चरणमा छ। यस आ.व २०८२-०८३ मा श्रोत सुनिस्चितता प्राप्त भएको सिस्नेरी लिफ्ट सिंचाई योजनाहरुको खरिद प्रक्रिया कार्वाही सम्पन्न गरि निर्माण कार्यको सुरुवाती चरणमा छ। समानीकरण अनुदान अन्तर्गतका योजनाहरु निर्माणकै चरणमा छन् ।

### ग. नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन क्षेत्र

आ.व २०८२-०८३ मा नदि नियन्त्रणतर्फ १५ वटा योजनाहरु गरेर कुल रु २९,१००,०००.०० विनियोजन भएको छ। समानीकरण अनुदान कार्यक्रम अन्तर्गत संचालित यस कार्यक्रमका योजनाहरु करिब-करिब सम्पन्न हुने अन्तिम चरणमा छन् ।

### घ. ऊर्जा क्षेत्रतर्फ

आ.व २०८२-०८३ मा ऊर्जा क्षेत्रतर्फ २ वटा योजनाहरु गरेर कुल रु ४,५००,०००.०० विनियोजन भएको छ।सहलगानी मोडेलमा कार्यान्वयन गर्नुपर्ने यस कार्यक्रमको हालसम्म पनि कुनै कार्यविधि तयार नभएको हुनाले कुनैपनि काम सुरु भएको छैन ।

## ५. अन्य गतिविधिहरु

- योजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा मासिकरुपमा सम्पन्न भएको।
- स्थानीय तहसंग समन्वय बैठकमा सहभागिता।
- सरोकारवालाहरुसंग छलफल कार्यक्रम सम्पन्न।
- कार्यालयको आन्तरिक व्यवस्थापन तथा प्रशासनिक कार्यहरु नियमित रुपमा संचालन।

## ६. आय तथा खर्चको विवरण

क)आय (पहिलो त्रैमासिक):

- राजस्व संकलनः रु ३८२,११६.००
- अन्य आयः —
- कुल आयः रु ३८२,११६.००

ख) खर्च (तेस्रो त्रैमासिक)

- चालू खर्चः रु १२,५३१,११७.४०
- पूँजीगत खर्चः रु १३६,९९५,८९१.००
- कुल खर्चः रु १४९,५२७,००८.४०

## ७. बेरुजुको अवस्था (हालसम्म):

- नियमित बेरुजु रकम, रु ४,८०८,२५९.००
- पेस्की बेरुजु रकम, रु ९६७,७८५.००
- असुलउपर रकम, रु २८७,९०४.००
- जम्मा बाँकी बेरुजु, रु ६,०६३,९४८.००

## ८. सूचना माग गर्ने प्रक्रिया

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम कुनैपनि नेपाली नागरिकले यस कार्यालयसंग सम्बन्धित सूचना माग गर्न सक्नेछ। सूचना माग गर्दा देहाय बमोजिमको ढाँचामा निवेदन दिन सकिनेछ :

- निवेदन फारमः राष्ट्रिय सूचना आयोगको वेबसाइट वा कार्यालयबाट प्राप्त गर्न सकिने,
- सूचना माग गर्ने व्यक्तिले आफ्नो नाम, ठेगाना र माग गरेको सूचना स्पष्टसंग उल्लेख गर्नुपर्नेछ।
- सूचना अधिकारीः श्री पप्पु कुमार राउत
- सम्पर्क नम्बरः ९८५७८४४१०८

## ९. गुनासो सुन्ने र सम्बोधन गर्ने संयन्त्र

यस कार्यालयमा प्राप्त हुने गुनासोहरुलाई तत्काल सुनुवाई गरि सम्बोधन गर्न निम्न लिखित संयन्त्रहरु स्थापना गरिएको छ।

- गुनासो पेटिकाः कार्यालय परिसरमा गुनासो पेटिका राखिएको छ।
- टेलिफोनः ०८८—५२०००६
- इमेलः mwidsdno.2@gmail.com

- प्रत्यक्ष भेटघाटः कार्यालय समयमा कार्यालय प्रमुख वा सूचना अधिकारीसंग भेटेर गुनासो राख्न सकिनेछ।

## १०. कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| कार्यरत कर्मचारीको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | नाम थर | पद | तह / श्रेणी | सेवा | कैफियत |
| १. | अनुप श्रेष्ठ | सि.डि.ई. | अधिकृतस्तर नवौ | प्रदेश इन्जिनियरिङ |  |
| २. | पप्पु कुमार राउत | इन्जिनियर | अधिकृतस्तर सातौं | प्रदेश इन्जिनियरिङ |  |
| ३. | सम्झना के.सि. | महिला कार्यकर्ता | अधिकृतस्तर छैटौं | प्रदेश प्रशासन |  |
| ४. | ज्ञान बहादुर ओली | लेखा अधिकृत | अधिकृतस्तर छैटौं | प्रदेश प्रशासन / लेखा |  |
| ५. | कमल पाण्डे | इन्जिनियर | अधिकृतस्तर छैटौं | प्रदेश इन्जिनियरिङ |  |
| ६. | नरवीर नेपाली | इन्जिनियर | अधिकृतस्तर छैटौं | प्रदेश इन्जिनियरिङ |  |
| ७. | भुवन भट्ट | सव- इन्जिनियर | साहयकस्तर पाचौं | प्रदेश इन्जिनियरिङ |  |
| ८. | अन्तिमा कुमारी यादव | सव- इन्जिनियर | साहयकस्तर पाचौं | प्रदेश इन्जिनियरिङ |  |
| ९. | डिल्ली घर्ति | नायब सुब्बा | रा.अ. प्रथम | प्रशासन | कामकाज |
| १०. | चुडामणि विष्ट | कार्यालय सहयोगी | श्रेणीविहिन |  |  |
| ११. | वीर बहादुर थापा | कार्यालय सहयोगी | श्रेणीविहिन |  |  |
| १२. | रण बहादुर थापा | ह.स.चा. |  |  | करार |
| १३. | राज कुमार थारु | ह.स.चा. |  |  | करार |
| १४. | रमेश गिरि | का.स. |  |  | करार |
| १५. | गणेश बहादुर खर्का | चौकीदार |  |  | करार |